का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ माघ २०८०,
मंगलबार
6 February 2024,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नुस्

वर्ष २१, अंक ३६३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## सिंहदरबारसँग फेरि बालेन आमुन्ने-सामुन्ने



आरके डिसी/मध्यान्ह
काठमाडौं, २२ माघ ।

तीन वर्षअघि नै उद्घाटन भए पनि निर्माणको चरणमा रहेको सुन्धारास्थित धरहराको सुरु भएको पार्किङलाई लिएर संघीय सरकार र काठमाडौं महानगर फेरि आमुन्ने-सामुन्ने आएका छन् ।

धरहराको निर्माण नै नसकिएको भन्दै त्यहाँको पार्किङ रोक्न शहरी विकास मन्त्रालयले पत्र लेखेको भन्दै काठमाडौं महानगरका मेयर बालेन शाहले सोमबार सामाजिक संजालमार्फत जवाफ फर्काउँदै त्यसलाई नमान्ने घोषणा गरेका थिए ।

त्यसप्रति संघीय सरकारकाका तर्फबाट प्रतिक्रिया जनाउँदै शहरी विकास मन्त्री सिता गुरुङले निर्माणकै चरणमा रहेको धरहराको पार्किङमा कुनै दुर्घटना भए त्यसको जिम्मेवारी कसले लिने भन्दै प्रश्न गरेकी छिन् । उनले धराहराको तीन तलामुनकीको बेसमेन्टमा पार्किङ रहेको भन्दै त्यहाँ अक्सिजनको कमी हुने, आगलानी लगायतका दुर्घटना हुन सक्ने भन्दै त्यसप्रति महानगर नै जिम्मेवार हुनुपर्ने बताइन् । 'तीन तलामुनीको बेसमेन्टको

पृष्ठ २ मा



सम्पन्न नभएको ठाउँमा पार्किङ गर्दा मानवीय क्षति भयो भने त्यसको जिम्मेवारी कसले लिने ? त्यहाँको सामान हरायो वा अरू जटिल समस्या आयो भने को जिम्मेवार हुने ?

■ **सिता गुरुङ**
**शहरी विकास मन्त्री**



सो स्थानमा पार्किङ बन्द छैन र बन्द हुने छैन । महानगरको पहलमा अहिलेका लागि निःशुल्क सञ्चालन हुँदैछ । अझै व्यवस्थापन गर्दै लग्नेछौं ।

■ **बालेन शाह**
**मेयर, काठमाडौं महानगर**

बाँसबारी जग्गा विवाद प्रकरण

# फास्ट ट्र्याकमा अनुसन्धान गर्न आदेश

पक्राउ परेका अरुण चौधरीको उद्योगमा हजारौं रोजगारीमा रहेको, अनुसन्धान पूर्ण नभएको र थप २५ दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न आवश्यक नदेखिएको भन्दै अदालतले प्रतिवादीलाई हिरासतमा राखेर अनुसन्धान गर्ने समय नै तोकिदिएको हो ।

शिव विक/मध्यान्ह
काठमाडौं, २२ माघ ।



बाँसबारी जग्गा विवाद प्रकरणमाथिको अनुसन्धान छिटो गर्न जिल्ला अदालत काठमाडौंले केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)लाई आदेश दिएको छ । अर्बपति व्यापारिक घराना जोडिएको मुद्दाले राजनीति समेत तरंगिथत भइरहेका बेला सोमबार जिल्ला अदालतले दुई दिनमा अनुसन्धान गर्न नसके प्रतिवादीहरुलाई जमानीमा छाड्न भनेर बाँसबारी जग्गा विवाद प्रकरणमाथिको अनुसन्धानमा समयाअवधि नै तोकिदिएको हो ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले अनुसन्धानको कार्यमा सहयोग गर्नको लागि कागज गराई हाजिर जमानीमा छाडी बाँकी अनुसन्धानको कार्य पुरा गर्नसीआईबीलाई भनेको छ । उद्योगी अरुण चौधरीसहित तत्कालीन बाँसबारी छाला जुत्ता कम्पनी लिमिटेडका अध्यक्ष अजितनारायण सिंह थापा र सञ्चालक समिति अध्यक्ष सञ्जय ठाकुरलाई गत बिहीबार काठमाडौंबाट पक्राउ परेका थिए । उनीहरूलाई सुरुमा ४ दिनको म्याद दिइएको थियो । उक्त म्याद सकिएपछि प्रहरीले सोमबार उनलाई थप म्याद थपका लागि अदालतमा ल्याएको थियो ।

यही माघ १८ गते पक्राउ परेका तीनै जनालाई अनुसन्धान नसकिए दुई दिन भित्र छाड्न आदेश दिँदा जिल्ला अदालतले तीन आधार देखाएको छ। पक्राउ परेकाहरुको उद्योगमा हजारौं रोजगारीमा रहेको, अनुसन्धान पूर्ण नभएको र थप २५ दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न आवश्यक नदेखिएको भन्दै जिल्ला अदालतले प्रतिवादीलाई हिरासतमा राखेर अनुसन्धान गर्ने समय नै तोकिदिएको हो ।

सीआईबीले छालाजुत्ता कारखानाको १० रोपनी जग्गा सीजी रेसिडेन्सी प्रालिको नाममा नामसारी गरेको घटनामाथिको अनुसन्धानका क्रममा अरुण चौधरीसहित तीन जनालाई पक्राउ गरेको हो ।

सरकारको नामबाट हडपेर लगेको भनिएको उक्त १० रोपनी जग्गामा हाल चौधरी ग्रुपले चाँदबाग स्कुल सञ्चालन गरिरहेको छ । सीआईबी प्रमुख किरण बज्राचार्यका अनुसार पुरानो बाँसबारी छालाजुत्ता कारखानाको नामको उक्त जग्गा चाँदबाग रेसिडेन्सी प्रालिमा लगिएको पाइएको छ। चाँदबाग रेसिडेन्सी प्रा.लि.का अध्यक्ष संजय ठाकुर हुन्। उनी पनि पक्राउ परेका छन् ।

सिआइबीका अनुसार बाँसबारीमा २०२१ मा छालाजुत्ता कारखाना खुलेको थियो । उक्त कारखानामा चौधरी ग्रुपले सरकारसँग मिलेर २०४४ मा बाँसबारी छालाजुत्ता कारखाना सञ्चालन भएकै कम्पाउण्डमा निजी कम्पनी स्थापना गरेका थिए । उक्त कम्पनी राखेर अगाडि बढेको ग्रुपले १० रोपनी सरकारी जग्गा निजी कम्पनीको नाममा पास गराएको सीआईबीको निष्कर्ष छ ।

त्यसबेला अजित नारायण सिंह थापा बाँसबारी छालाजुत्ता कारखानाको संचालक समितिका अध्यक्ष थिए। उनी पनि बिहीबार नै पक्राउ परेका छन्। संचालक समितिको निर्णय र प्रतिवेदनको आधारमा जग्गा मालपोतबाट पास गरेको सिआइबीको अनुसन्धान निष्कर्ष छ। सिआइबी स्रोतका अनुसार तीन महिनादेखि अनुसन्धान सुरु गरिएको थियो । यो प्रकरणमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १५ महिनादेखि अनुसन्धान गरिरहेको छ ।

तर, लगानी सम्मेलनको समयमा उद्योगीलाई सरकारले पक्राउ गरेको भन्दै सरकारमाथि दबाब बढेको थियो । अरुण चौधरी पक्राउ परेकै दिन व्यावसायीहरुले पत्रकार सम्मेलन नै विरोध गरेका थिए ।

सिके राउतको प्रस्ताव

## प्रत्यक्ष लोकतन्त्र, खुला अर्थतन्त्र



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २२ माघ ।

सत्ता साझेदार दल जनमत पार्टीले वर्तमान प्रणाली सफल हुन नसक्ने निष्कर्ष निकालेको छ। पार्टी अध्यक्ष सिके राउतले अहिलेको संवैधानिक प्रणालीले मुलुकलाई निकास दिन नसक्ने राजनीतिक प्रतिवेदन तयार पारेका हुन् ।

सचिवालय बैठकमा राउतले प्रस्तुत गरेको प्रतिवेदनले संविधानले अपनाएको अर्थ-राजनीतिक प्रणालीलाई नै असफल भनिएको छ। 'संविधानको समाजवाद उन्मुख अर्थ-राजनीतिक प्रणाली धोका भएको निष्कर्ष प्रतिवेदनमा छ', पार्टी सचिव बीपी साहले भने ।

संविधानका महत्वपूर्ण अन्तर्वस्तु समाजवाद उन्मुख व्यवस्थालाई धोका भएको निष्कर्ष निकालेका जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रत्यक्ष लोकतन्त्र र कल्याणकारी राज्यको प्रस्ताव अगाडि बढाएका छन्।

उनका अनुसार, समाजवाद धोका भएकाले प्रत्यक्ष लोकतन्त्र र कल्याणकारी राज्यको प्रणालीमा जानुपर्ने प्रतिवेदनको निष्कर्ष छ। जनमत पार्टीले अहिलेको स्थानीय सरकारकै मोडेल संघमा समेत अपनाउनुपर्ने प्रस्ताव गरेका छन् ।

जसलाई प्रत्यक्ष लोकतन्त्र भनिएको छ। तर अहिलेकै व्यवस्थाले मुलुकलाई दलीयकरण, भ्रष्टीकरण हुँदै असफलतातिर लैजाने राउतले निष्कर्ष निकालेका छन्। संविधानका व्यवस्था परिवर्तन गर्न आन्दोलनमै जानेबारे जनमत पार्टीले छलफल थालेको छ ।

अध्यक्ष राउतले १० बुँदे आन्दोलनका कार्यक्रम भनेर वैकल्पिक प्रणालीको प्रस्ताव गरेका छन्। जसअनुसार प्रत्यक्ष लोकतन्त्र (अहिलेको स्थानीय सरकार जस्तै), पार्टीको अधिकार घटनाउने (सांसदहरुलाई ह्वीप नलाग्ने), एक सदनात्मक संसद् बनाउनुपर्ने माग जनमतसँग हुनेछ ।

संघ, प्रदेश र स्थानीय सरकार प्रत्यक्ष जनताको मतबाट निर्वाचित हुनेछन्। प्रदेशमा मुख्यमन्त्री र मन्त्रिपरिषद् नभएर मुख्यमन्त्री र डेपुटी मुख्यमन्त्रीको प्रत्यक्ष निर्वाचित हुनुपर्ने राउतको प्रस्ताव छ ।

अहिलेकै संसदीय अभ्यास र निर्वाचन प्रणालीले कहिल्यै पनि राजनीतिक स्थीरता नहुने जनमत पार्टीको निष्कर्ष छ। त्यसैले प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र सहायक मुख्यमन्त्रीले प्रदेशको नेतृत्व गर्नुपर्ने जनमत पार्टीको प्रस्ताव छ ।

न्यायिक परिषद् र संवैधानिक परिषद् भएर न्यायाधीश नियुक्त हुने अहिलेको

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## व्यवसायीहरुकै अस्वस्थ प्रतिस्पर्धाले यूएईमा कम तलब

मध्यान्ह संवाददाता
काठमाडौं, २२ माघ

म्यानपावर कम्पनीहरुको आपसी प्रतिस्पर्धाका कारण आकर्षक रोजगार गन्तव्य यूएईमा नेपाली सुरक्षागार्डको लगानीको तुलनामा आम्दानी घट्ने अवस्था बन्न थालेको छ। यूएईका विभिन्न क्षेत्रमा सुरक्षागार्ड पठाउने नेपालका म्यानपावर कम्पनीहरुले जसरी भएपनि डिमाण्ड हात पार्न यूएई सरकारले तोकेको भन्दा कम तलब र सुविधामा सुरक्षागार्ड पठाउन डिमाण्ड लिने गरेको चर्चा वैदेशिक रोजगार विभागमा छ ।

यूएईमा सुरक्षागार्डहरुको तलब सुविधा शहरपिच्छे फरक-फरक रहेको छ । सबैभन्दा धेरै तलब दुबई फ्रि जोनमा जानेले पाउँछन् । फ्रि जोनमा जानेले मासिक ३ हजार एईडीसम्म कमाउने गरेका छन् । आबुधावी दुबई सेक्युरिटी अन्तर्गत पीएसबीडी होल्डरले मासिक २७ सय ६२ र डीपीएस होल्डरले २२ सय ६२ एईडी न्यूनतम तलब पाउने सरकारी नियम रहेको छ । तर अनुचित प्रतिस्पर्धाका कारण पीएसबीडीको मासिक २५ सय एईडी र डीपीएसको मासिक १८ सय एईडी तलब सुविधाको डिमाण्ड आउने गरेको स्रोतले बताएको छ ।

यूएईमा नेपालीहरु सेक्युरिटीगार्ड, लाइफगार्ड र सेक्युरिटी अफिसर पदमा जाने गरेका छन् । दुर्गम र प्रतिकुल भु-बनोटमा हुर्केका नेपाली सुरक्षागार्ड शारीरिक रुपमा बलिया, कठिन परिस्थितिको पनि ह्यान्डल गर्ने, मालिकप्रति बफादार, विश्वासनीयताका दृष्टिले अब्बल तथा अपेक्षाकृत कम तलबमा पनि लामो समय काम गर्न सक्ने भएकाले यूएईमा नेपाली सुरक्षागार्डको माग सधैंभरि उच्च रहने गरेको छ ।

नेपाली सुरक्षागार्डहरुले यूएईका व्यापारिक क्षेत्रमा प्रयोग हुने अंग्रेजी भाषा पनि सामान्यतया बुझ्ने र जवाफ

पृष्ठ २ मा

## करोडौं ठग्ने लामा पुर्पक्षका लागि थुनामा


**काठमाडौं/रासस-** वैदेशिक रोजगार न्यायाधिकरणले वैदेशिक रोजगार कसुरमा लालबहादुर लामालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ । न्यायधिकरणका अध्यक्ष कृष्ण गिरी, सदस्यहरु निशा बानियाँ, उद्धवप्रसाद पुडासैनीको इजलासले वैदेशिक रोजगार कसुर मुद्दामा स्टार सिपिङ सर्भिस एण्ड ट्रेनिङ सेन्टर प्रालिका निर्देशक लामालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको हो ।

लामाविरुद्ध आङपासाङ शेर्पासमेत आठ सय ४५ जनाले रु. तीन करोड ९३ लाख १४ हजार तीन सय ३३ र त्यसको ५० प्रतिशत हर्जनासमेत माग गरी उजुरी दिएका थिए । 'प्रतिवादीबाट हुनसक्ने जोखिम विश्लेषण गर्दा हाल

पृष्ठ २ मा










### एमाले दोलखा जिल्ला अधिवेशन

# नयाँ नेतृत्व चयन गर्न अध्यक्ष मण्डलसहित समिति गठन

**काठमाडौं /मस**–नेकपा एमाले दोलखाको दशौं जिल्ला अधिवेशन सञ्चालनका लागि अध्यक्ष मण्डलसहित विभिन्न समितिहरु गठन गरिएको छ।

अधिवेशनको सोमबार एमाले महासचिव शंकर पोखरेलले चरिकोटमा उद्घाटन गरेका छन्। अधिवेशनको बन्द सत्र तथा नयाँ नेतृत्व चयनको लागि एमाले दोलखाले १० सदस्यीय अध्यक्ष मण्डल गठन गरिएको एमाले दोलखाका संयोजक नर बहादुर श्रेष्ठले बताए।

नेकपा एमाले दोलखाका जिल्ला इन्चार्ज कमल चौलागाईंको अध्यक्षतामा दश सदस्यीय अध्यक्ष मण्डल गठन गरिएको हो। अध्यक्ष मण्डलको सदस्यहरुमा नेकपा एमाले बागमती प्रदेश कमिटीका अध्यक्ष कैलाश ढुंगेल, केन्द्रीय सदस्यहरु सरस्वती बस्नेत, रचना खड्का, प्रदेश कमिटीका उपाध्यक्ष दावादोर्जे लामा, सचिव नवराज सिलवाल, प्रदेश कमिटीका सदस्यहरु कृष्ण भुजेल, बालकृष्ण शिवाकोटी, भरत केसी र उर्मिला थामी रहेकी छन्।



यस्तै अधिवेशनको लागि शान्त बहादुर केसीको संयोजकत्वमा माइन्युट लेखन कमिटी गठन गरिएको छ। जसको सदस्यहरुमा ईश्वर न्यौपाने, पूर्णीमा खरेल, अच्युतम केसी, धन बहादुर तामाङ रहेका छन्। सुन्दर कार्कीको संयोजकत्वमा बहस नोट कमिटी गठन गरिएको छ। जसको सदस्यहरुमा कुमार खड्का, रोहित खड्का, हरि ओली र मेनुका सुवेदी रहेकी छन्। यस्तै समसामयिक प्रस्ताव लेखन समितिमा लक्ष्मण थामी, प्रभु जिरेल, हरि कृष्ण नेपाली, नवीन कुमार लामा, जीवस राज खड्का र सुजता सिवाकोटी रहेकी छन्।

# एक महिनापछि खुल्यो गरुडा नगरपालिकाको ताला

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ माघ

एक महिनाको लामो तलाबन्दी पछि रौतहटको गरुडा नगरपालिकाको ताला खुलेको छ। एक महिना भन्दा बढी दिन देखि गरुडा नगरपालिका कार्यालयमा लगाइएको ताला सोमबार बेलुका ७ बजे खुलेको हो।

नगर उपप्रमुख पुनम देवी चौधरी सहित ६ जना वडा अध्यक्षहरुले विभिन्न माग राख्दै विगत एक महिना देखि नगरपालिका कार्यालयमा तालाबन्दी गरि मुलगेटमा धार्ना दिँदै आएका थिए।



नगर प्रमुख कन्थमनी प्रसाद जयसवालले आन्दोलनरत जनप्रतिनिधिहरुको माग सम्बोधन गर्ने लिखित सहमति गरेपछि नगर उपप्रमुख चौधरीसहित आन्दोलनरत वडा अध्यक्षहरुले सोमबार ताला खोलेका हुन्। जिल्ला प्रशासन कार्यालय गौर रौतहटमा मेयर जयसवाल र आन्दोलनरत पक्षबीच विभिन्न बुँदामा लिखित सहमति भएपछि आन्दोलनरत जनप्रतिनिधिहरुले आन्दोलनका कार्यक्रम फिर्ता लिँदै पालिका कार्यालयमा लगाएको ताला खोलेका छन्।

ताल्चा खुलाउन जिल्ला प्रशासन कार्यालय रौतहटमा यसअघि दुवै पक्षबीच पटक-पटक वार्ता हुँदै आएपनि कुरा न मिलेपछि उक्त वार्ता असफल हुँदै आएको थियो।

तर सोमबार पुनः जिल्ला प्रशासन कार्यालयमा दुवै पक्षबीच भएको वार्तामा सहमति जुटेको थियो। सोमबारको वार्ता सफल भएपछि गरुडा नगरपालिकाका मेयर, उपमेयर, वडा अध्यक्षहरुबीच लामो समयदेखि हुँदै आएको आपसी द्वन्द्व, मनमुटाव, मतभेद र विवाद अन्त्य भएको हो।

# 'विद्यालयको उन्नतिका लागि प्रतिबद्ध छौं'

**घुरन यादव/मध्यान्ह**
सप्तरी, २२ माघ

सप्तरीको बोदे बरसाईन नगरपालिका वडा नम्बर-७ मा अवस्थित श्री समुदायिक राष्ट्रिय शिवशंकर विद्यालयले वार्षिकोत्सव मनाएको छ।

कार्यक्रममा बोदे बरसाईन नगरपालिकाकी कार्यबाहक मेयर रेनु साहको प्रमुख अतिथ्यता रहेको थियो भने विशिष्ट अतिथि शिक्षा संयोजक रामसागर यादव रहेका थिए। यस्तै कार्यक्रममा मानराजाका प्र.अ. हेमकिशोर यादव, वडा सदस्य कमल नरायण मण्डल, रमेश यादव, सुनिल चौधरीलगायतको उपस्थिति रहेको थियो।



कार्यक्रममा कार्यबाहक मेयर साहले विद्यालयको उन्नतिका लागि आफू सधैं प्रतिबद्ध रहेको बताइन्। उनले विद्यालयमा भएका अभाव पूर्तिका लागि पालिकाले विशेष प्राथमिकता दिने पनि बताइन्।

# हामीबीच रहेनन् सहकर्मी जगदीश !



**काठमाडौं/मस**– मध्यान्ह दैनिकका सहकर्मी जगदीश थापाको हृदयाघातबाट निधन भएको छ। स्व. थापा ५१ वर्षका थिए। ललितपुरमा बस्दै आएका थापालाई आइतबार राति अचानक हृदयाघात भएपछि उपचारका लागि पाटन अस्पताल पुऱ्याएपछि चिकित्सकले निधन भएको घोषणा गरेको भाइ सुरज थापाले जानकारी दिए।

स्व. थापाको धार्मिक विधिअनुसार सोनबार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ। स्व. थापाकी श्रीमती छन्। स्व. थापाले २०७० सालदेखि मध्यान्ह दैनिकका लागि वैदेशिक रोजगार काठमाडौं कार्यालय ताहाचलमा रहेर बजार प्रवर्द्धन तथा समाचार संकलनको काम गरेका थिए।

उनले केही वर्ष मध्यान्ह मिडिया प्रा.लि.द्वारा निर्माण भइ नेपाल टेलिभिजनबाट प्रशारण हुने वैदेशिक रोजगार कार्यक्रममा क्यामरापर्शनको कामसमेत गरेका थिए। थापा खासगरी वैदेशिक रोजगार श्रम प्रतिनिधिहरुमाझ निकै प्रिय थिए।

मध्यान्ह परिवार स्व. थापाप्रति गहिरो श्रद्धासुमन अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दछ।

# हुम्लाका ३६ विद्यार्थीलाई नेपाली सेनाले दियो एनसीसी तालिम



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २२ माघ

हुम्लाका विद्यार्थीले २१ दिने ४९ जुनियर डिभिजन (एनसीसी)तालिम दिइएको छ। सदरमुकाम सिमकोटमा रहेको मानसरोवर माध्यमिक विद्यालयका ३६ जना विद्यार्थीलाई नेपाली सेनाले जुनियर डिभिजन (एनसीसी) तालिम दिएको हो।

पुसको दोस्रो हप्ता २१ दिने तालिमको लागि ३६ विद्यार्थी बाँकेको कोहलपुरस्थित श्री राष्ट्रिय सेवादल पश्चिम तालिम शिक्षालय लगिएको थियो। २१ दिन पूरा भएपछि सोमवार १८ जना छात्रा विद्यार्थीलाई नेपाली सेनाको हेलिकप्टरले जिल्लामा ल्याएको बरादल गुल्म रानिवन हुम्लाले जनाएको छ। नेपालगन्जबाट सेनाको हेलिकप्टरले दुई उडान भरेर १८ जना विद्यार्थीलाई जिल्लामा ल्याएको हो।

तालिम सहभागी विद्यार्थीले आत्मरक्षा र देशमा कोहि दुष्मनले आक्रमण गरेको खण्डमा तालिममा सिकेको सीप प्रयोग गर्ने, नेपाली सेना जस्तै अति आवश्यक परेको खण्डमा सेनाको भूमिका निर्वाह गर्ने हुँदा नेपाली सेनाले विद्यार्थीलाई तालिम प्रदान गर्दै आएको छ। तालिममा सहभागी सबै छात्रालाई जिल्लामा ल्याएको छ। बाँकी १८ जना छात्रलाई भने मंगलबार नेपाली सेनाकै हेलिकप्टरबाट जिल्लामा ल्याइने जनाइएको छ।

### सिंहदरबारसँग...

पार्किङ भनेपछि अक्सिजनको समस्या हुन्छ, त्यसको लागि एयर कन्डिसन मिलाउनुपर्छ,' संचारकर्मीसँग कुराकानी गर्दै उनले भनिन्, 'बत्ती र आगलागीको समस्या पनि हुन्छ। सीसी क्यामेरा जोडिएन भने राखेको साधनको सुरक्षा कसले गर्ने त ?' यी क्षेत्रमा छिटो काम गर्न आफूले निर्माण कम्पनीलाई भनेको तर त्यो पुरा नहुँदै महानगरले जानकारी र समन्वयबिना पार्किङ थालेकाले त्यो विधिको शासनविपरित रहेको मन्त्री गुरुङको भनाइ छ। 'निर्माणको काम पनि पुरा नहुँदै उहाँहरुले जबरजस्ती यातायातको सधान राख्ने काम गर्नु भएको छ, त्यो चाहिँ विधिको शासनभित्र पर्दैन,' उनले भनिन्।

पार्किङ क्षेत्रमा मानवीय दुर्घटनाका कुरा त्यसको जिम्मेवारको हुने भन्दै मन्त्री गुरुङले भनिन्, 'सम्पन्न नभएको ठाउँमा भोलि पार्किङ गर्दा मान्छेको क्षति भयो भने त्यसको जिम्मेवारी कसले लिने ? त्यहाँको सामान हरायो वा अरु जटिल समस्या आयो भने को जिम्मेवार हुने ?'

काठमाडौं महानगरका मेयर साहले भने धरहराको पार्किङ बन्द नहुने बताएका छन्। 'सो स्थानमा पार्किङ बन्द छैन र बन्द हुने छैन,' उनले लेखेका छन्, 'महानगरको पहलमा अहिलेको लागि निशुल्क संचालन हुँदैछ। अझै व्यवस्थापन गर्दै लग्नेछौ।' धरहराको तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७८ बैशाख ११ गते उद्घाटन गरेका थिए। तर, उद्घाटन भएकै दुई तीन वर्ष बित्न लाग्दा पनि निर्माणको काम भने सकिएको छैन। यसभन्दा अगाडि पनि फोहोर व्यवस्थापन, ट्राफिक चेकिङ लगायतका विषयमा मेयर साह र सिंहदरवारका बीचमा टकराव भएका थिए।

### सिके...

प्रणालीले मुलुकमा न्याय स्थापना हुन नसक्ने निष्कर्ष राउतले प्रस्तुत गरेका छन्। त्यसका लागि प्रत्यक्ष निर्वाचित न्यायालय र न्यायाधीकरण हुनुपर्ने राउतको प्रस्ताव छ।

दलविहीन कर्मचारी, स्वार्थ बाझिने निर्णयलाई निषेध गर्नुपर्ने प्रस्ताव गरेका राउतले गरेका छन्। सरकारले लिएको तीन खम्बे अर्थ नीतिको साटो खुला अर्थतन्त्रको मोडेलमा जानुपर्ने उनको निष्कर्ष छ। सम्पूर्ण उत्पादन क्षेत्र नीजिलाई दिने र राज्य सामान्य नियामक भूमिकामा रहने अध्यक्ष राउतको प्रस्ताव छ। राउतले आन्दोलनकारीकै नेतृत्वमा सरकार र निर्वाचन हुनुपर्ने प्रस्ताव गरेका छन्।

### व्यवसायीहरुकै...

फर्काउने भएकाले त्यहाँका रोजगारदाता अन्य देशका सुरक्षागार्ड लिनुभन्दा नेपाली सेक्युरिटी गार्ड लिँदा फाइदा हुने आंकलनका आधारमा नेपाली गार्ड लैजाने गरेका छन्। तर नेपाली म्यानपावर कम्पनीहरुले नै तँछाडमछाड गर्दा कामदारको गाँस खोसिने अवस्था बनेको ब्यबसायीहरु कै भनाइ रहेको छ।

### करोडौं...

यी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ को दफा ६७ बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी यो आदेश गरिदिएको छ,' जारी आदेशमा भनिएको छ।

लामाले न्यायाधिकरणसमक्ष दिएको बयान, मिसिल संलग्न नगद बुझिएको रिसिप्ट र चेकसमेतका कागजात र यी प्रतिवादीको बैंक खातामा जाहेरवालाहरुले रकम बुझाएको देखिने बैंक भौचर समेत प्रमाणका आधारमा तत्काल कसुरदार होइनन् भन्ने नदेखिएको आदेशमा उल्लेख छ।

वैदेशिक रोजगार कसुरमा २०७९ साल पुस २४ मा आङपासाङ शेर्पा, हरिबहादुर थापा समेतले लिथुनिया, कोरिया, न्युजल्याण्ड, क्यानडासमेतका देशमा रोजगारीका लागि पढाउने भनि रकम लिइ ठगी गरेको भन्दै उजुरी परेको थियो। लामालाई गत पुस १६ गते काठमाडौंको शंखमूलबाट पक्राउ गरिएको थियो। प्रहरीले लामाको तालिम सेन्टरबाट पीडितहरुको नौ सय ३४ थान राहदानी बरामद गरेको थियो। लामाले बिगोबमोजिमको रकम फिर्ता गर्न आफू तयार रहेको बयान दिएका छन्।


## साउदीमा रोजगार | कम्पनी : WESTERN LIGHTS INTERNATIONAL TRADING COMPANY
शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८०/१०/२२ चलानी नं.: ६०२१४४०० L.T. No.: 299478

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FIRST VILLAGE MAINTENANCE AND CLEANING COMPANY शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८०/१०/२२ चलानी नं.: ६०२१४३९८ L.T. No.: 299444

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AFFAQ CLEANING AND MAINTENANCE ESTABLISHMENT शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८०/१०/२२ चलानी नं.: ६०२१४३९९ L.T. No.: 299443

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 48 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SRACO HUMAN RESOURCES शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८०/१०/२२ चलानी नं.: ६०२१४३८४ L.T. No.: 299445

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 75 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२

## UAE मा रोजगार | कम्पनी: GARDINIA BUILDING CONTRACTING L.L.C
शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/१०/०५ चलानी नं.: ६०२१३३२४ LT. No.: 298389 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 75 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason Block | 25 | 0 | | 1100 | ३९,६४४ | | | | | | | |
| 3. | Mason Plaster | 25 | 0 | | 1100 | ३९,६४४ | | | | | | | |
| 4. | Scaffolder | 50 | 0 | | 1100 | ३९,६४४ | | | | | | | |
| 5. | Steel Fixer | 2 | 0 | | 1100 | ३९,६४४ | | | | | | | |

पिआइटी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८० माघ २४ गते (7 February 2024) मा हुनेछ ।
बिएम ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८० माघ २५ गते (8 February 2024) मा हुनेछ ।
नीलकमल ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८० माघ २६ गते (9 February 2024) मा हुनेछ ।

## मलेसियामा रोजगार | कम्पनी : TKM FORCE SECURITY SDN BHD
शहर : SHAH ALAM
पूर्व स्वीकृत मितिः २०८०/०९/२९ चलानी नं.: ६०२१४३७८ LT. No.:297939

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 23 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन ५ देखि ८ गते सम्म (17 to 20 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Chandra Kamana Manpower Pvt. Ltd.
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4542876, 4538339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com
PIT Training Center: 9801046355 | 9854029715, BM Training Center : 41-530400 | 9809685850
Neel Kamal Training Center: 9851136502 | 9817892059 | 9815863083


## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**अवलचिङ्ग, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८०/१०/२३)**

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरुमध्ये निम्नानुसार बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| SN | Contract Identification No | Name of contract | Name of lowest evaluated substantially responsive bidder | Bid Price of lowest evaluated substantially responsive bid(Excluding vat and ps) |
|---|---|---|---|---|
| 1 | 01/NCB/ WORKS/ CRM/080/081) | Construction of School Building (Ne.Ra.Ma. Vi.Kadaghuwani) | Hariyali Construction Pvt.Ltd., Kathmandu | NRs. 65,43,569.5 |

**प्रमुख प्रशासकीय अधिकृत**

## दंगीशरण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**हेकुली, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृति गर्ने सम्वन्धी आशयको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/१०/२३**

यस दंगीशरण गाँउपालिकाको मिति २०८०/०९/२५ गतेको गोरक्ष राष्ट्रिय दैनिकमा प्रकाशित नदिजन्य पदार्थको विक्रि सम्बन्धी बोलपत्र सूचना वमोजिम यस कार्यालयमा पेश हुन आएका देहाएका विभिन्न ठेक्काहरुको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८ (१) वमोजिम बोलपत्रको मुल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्र प्राविधिक, व्यापारिक एवं आर्थिक तवरले सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | आय संकलक फर्म/कम्पनिको नाम | कवोल अंङ्क रु. (भ्याट सहित) |
|---|---|---|---|
| 13/DRM/NCB/ 2080/081 | नदिजन्य पदार्थको संकलन तथा विक्रि ठेक्का | भैरब निर्माण सेवा, तुलसीपुर-५, दाङ | २१,१४,६८३.२०/- (एक्काइस लाख चौध हजार छ सय त्रियासी पैसा बिस मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| S. N. | Product | Size/ Type | Brand | Model | Origin of Country | Unit | Basic Rate | MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Tempoo in CKD, 2023 with Battery | Tempoo | Terra Motors | Electric Tempoo in CKD, 2023 with Battery | China | 72 | 3,02,000/- | 3,02,000/- | |

**Fair Auto Industries Pvt Ltd**
**Address: Kathmandu, Nepal, Tel. : 01-5324603, Exim Code: 6035012560109NP**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२३**

**कन्नेक्क्षिका फिटनेश प्रा.लि.** को मिति २०८०/०१/०२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कन्नेक्क्षिका टेक्नोलोजीज प्रा.लि. (प्रा.लि. नं.: २२३३६८)** कायम गर्ने गरी मिति २०८०/०१/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०२/१० मा दर्ता भएको **प्रा.लि. नं. २९१०४७** को **राइनास बिल्डर्स प्रा.लि.** को मिति २०८०/१०/२२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४५१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

# ८० जना विद्यार्थीलाई 'युनिक छात्रवृत्ति'




**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २२ माघ

बर्दियाको राजापुर नगरपालिकामा रहेको युनिक नेपालले भौराटप्पा क्षेत्र अन्तर्गत सामुदायिक विद्यालयका गरिब, विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई ६ लाख ५० हजार रुपैयाँको छात्रवृत्ति वितरण गरेको छ ।

राजापुर नगरपालिका र गेरुवा गाउँपालिका भित्रका १४ सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ देखि १२ कक्षा सम्म अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति रकम प्रदान गरेको हो ।

कार्यक्रममा ३० जना विद्यार्थीलाई जनही १० हजार रुपैयाँका दरले दिर्घकालीन छात्रवृत्ति र ५० जना विद्यार्थीलाई जनही ७ हजारका दरले अल्पकालिन छात्रवृत्ति रकम प्रदान गरिएको छ । छात्रवृत्ति रकमको चेक युनिक नेपालका संरक्षक तथा पूर्व भूमि सुधार मन्त्री डा.गोपाल दहितले एक कार्यक्रमकाबीच हस्तान्तरण गरे । कार्यक्रममा बोल्दै डा. दहितले छात्रवृत्ति रकम सानो भए पनि यसले अति विपन्न तथा अभिभावक विहीन बालबालिकाको शिक्षामा टेवा पुग्ने बताए । उनले भने, 'अहिलेको जमाना शिक्षाको हो । शिक्षा भएन भने आत्मनिर्भर बनाउन सकिँदैन ।' भौराटप्पा क्षेत्रको शिक्षाको विकासका लागि आफु र युनिक नेपाल सदैव तत्पर रहेको उनले बताए । आर्थिक अभावले कुनैपनि विद्यार्थी विद्यालय छोड्न नपरोस् भन्ने युनिकको उद्देश्य भएको बताउँदै युनिक नेपालका अध्यक्ष डा.दतिले भने, 'छात्रवृत्ति रकम सहि सदुपयोग गर्नुहोस् यो कार्यक्रमलाई अझै प्रभावकारी बनाएर लैजानेछौं ।'

यस क्षेत्रका नागरिकहरु विपन्न अवस्थामा रहेकाले आफ्ना बालबालिकाहरुलाई उच्च शिक्षा अध्ययन गराउन नसक्ने अवस्थामा रहेकाले युनिक नेपालले उच्च शिक्षा हासिल गर्नका लागि युनिक छात्रवृत्ति लागुगरी प्रत्येक वर्ष छात्रवृत्ति वितरण गर्दै आएको र यसलाई निरन्तरता दिने कार्यक्रमका सभापति तथा युनिक नेपालका अध्यक्ष प्रिम बहादुर थारुले बताए ।

'युनिक छात्रवृत्ति' अन्तर्गत दिर्घकालिन छात्रवृत्ति सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुलाई ५ वर्षसम्म र अल्पकालिन छात्रवृत्ति ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुलाई एक वर्षको लागि विद्यार्थीहरुको आवेदन संकलन गरी छनोट समितिले गरेको निर्णय अनुसार प्रदान गरिने युनिक नेपालका कार्यक्रम अधिकृत सोम डेमनडौराले बताए ।

यसैबीच छात्रवृत्ति वितरण कार्यक्रममा डा.दहितद्वारा सम्पादित थारु भाषा, साहित्य र संस्कृति झल्कने थारुडफ/ढमार गीत, थारुकहकुट(कहावट) थारु बाल्हा झुल्ना ओ वैठौवा गीत नामक ३ कृतिको विमोचन समेत गरिएको छ । कार्यक्रममा २ ओटै पालिकाका सामुदायिक विद्यालयका प्रधानाध्यापक, वरघर कुलापानी चौधरी युनिक नेपालका पदाधिकारीहरु, अविभावक तथा विद्यार्थीहरु सहभागी थिए ।

# उत्कृष्टतामा प्रदेशमै तेस्रो स्थान प्राप्त गर्न सफल अर्घाखाँची अस्पताल

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २२ माघ

न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रम(एमएसएस)अन्तर्गत अर्घाखाँची अस्पतालको अनुगमन मूल्यांकन तथा समीक्षा कार्यक्रम सोमबार सन्धिखर्कमा सम्पन्न भएको छ । लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य निर्देशनालय भालुबाङ दाङबाट आएको टोलीले माघ २१ र २२ गते अस्पतालको अनुगमन गरेको हो ।




अनुगमन मूल्यांकनमा अनुगमन टोलीको प्रतिवेदन अनुसार अस्पतालले ९० अंक प्राप्त गरेर लुम्बिनी प्रदेशमै तेस्रो स्थान प्राप्त गरेको छ । अर्घाखाँची अस्पताल व्यवस्थापन समितिका अध्यक्ष श्रीकृष्ण भुसालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नरसिंह अफिसर सुनिता आचार्यले स्वागत मन्तव्य र कार्यक्रम सञ्चालन व्यवस्थापक अधिकृत शिव बन्जाडेले गरेका थिए ।

समीक्षा कार्यक्रममा टिम प्रमुख गुल्मी अस्पतालका मे.सु.डा. किशोर बन्जाडेले अर्घाखाँची अस्पतालले न्यूनतम सेवा मापदण्डका धेरै सूचकहरू पूरा गरेको मूल्यांकन प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले अस्पताललाई अझ राम्रो बनाउन बच्चा र हाडजोर्नीको डाक्टर ल्याउन पहिलो प्राथमिकता दिनुपर्ने बताउँदै विपत व्यवस्थापन, फिजियोथेरापी सामग्री थप, ल्यावका सामग्री सञ्चालनको निम्ति उचित विद्युत व्यवस्थापनमा ध्यान दिनुपर्ने बताए ।

उनले समयमै आधुनिक भवन बन्न सकेन भने यहाँको स्वास्थ्य सेवा अझै ५ वर्ष पछि पर्ने बताए । कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै सन्धिखर्क नगरपालिका प्रमुख कृष्णप्रसाद श्रेष्ठले अस्पतालका न्यूनतम मापदण्ड पूरा गरेर प्रदेशमै तेस्रो स्थान प्राप्त गर्न सफल भएकोमा अस्पताल टिमलाई बधाई ज्ञापन गरे ।

उनले प्रदेश सरकारलाई दरबन्दी पूरा गर्न आग्रह गर्दै भवन, विशेषज्ञ सेवा र ब्लड बैंकको स्थापनामा सरोकारवाला लाग्नुपर्ने बताए । कार्यक्रममा अस्पतालबारे रिपोर्टिङ गर्दै अस्पताल प्रमुख जगन्नाथ तिवारीले अस्पताल ५० बेडको भनिए पनि १५ वेडको दरबन्दीभित्र रहेर अस्पताल सन्चालन गर्नु परेको बताए । उनले अस्पतालमा अहिले ९६ कर्मचारी कार्यरत रहेको र अस्पताल विकास समितिबाट २२ जना, एनएसआई कार्यक्रमबाट डाक्टरसहित ५ जना र २६ जना नेपाल सरकारको दरबन्दीमा रहेका बताए । दरबन्दी पूरा नहुँदा डाक्टर कर्मचारीको अभावमा थोरै जनशक्तिले धेरै काम गर्नु परेको र प्रदेश सरकारले विशेषज्ञ डाक्टरहरूलाई अर्घाखाँची पठाउँदा समेत नियुक्ती नलिएको उनले बताए ।

उनले गत वर्ष एमएसएस कार्यक्रममा पूरा गर्न नसकेका कामहरू अहिले पूरा गरेको बताए । अहिले अस्पतालमा फोहरमैलाको उचित ब्यबस्थापन भएको, स्तनपान कक्ष, नर्सिङ स्टाफ स्टेसन निर्माण, ओपीडी सेवाको अभिलेखीकरण, सुरक्षित पिउने पानी नगरपालिकाको सहयोगमा शव बाहन, आँखा उपचार, दन्त सेवा, फिजियोथेरापी जस्ता नयाँ सेवा समेत थपिएको उनले बताए । कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष अशोक खनालले पत्रकार महासंघले कोभिडसँगै विपदका बेला स्वास्थ्य क्षेत्रमा गरेको अनुकरणीय कामको चर्चा गर्दै अस्पताल विकासमा संस्था हरदम लागि पर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमका अध्यक्ष श्रीकृष्ण भुसालले समापन मन्तव्य राख्दै आफ्नो कार्यकालमा ३ पटकसम्म पदबहाली हुनु परेको दुखद व्यथा सुनाउँदै आफु अस्पताल समितिको अध्यक्ष भएपछि निस्वार्थ, विना पूर्वाग्रह अस्पताल विकासको निम्ति काम गरेको बताउँदै अब छिट्टै प्रदेश सरकारबाट भवनको स्वीकृति भएर आउने र टेण्डर समेत हुने बताए । उनले बिरामिलाई आवश्यक पर्ने रगत पूर्तिको निम्ति ब्लड डोनेट क्लब निर्माण गरेर सेवा सञ्चालन गर्न सबै लाग्नुपर्ने बताए ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय प्रमुख शिव नेपाली, प्रशासन कार्यालय प्रशासकीय अधिकृत दुर्गा न्यौपाने, जनस्वास्थ्य अधिकृत अस्मिता नेपाल, एमएसएस अधिकृत सन्देश पौडेल, एनएसआइ कार्यक्रम अधिकृत सुरज श्रेष्ठ, एमडिजीपी डा.अशोक शाह, अस्पताल व्यवस्थापन समिति सदस्य मेनुका पौडेल, अस्पताल व्यवस्थापन सुदृढीकरण समिति सदस्य अनिता भुसाल वरिष्ठ पत्रकार हिम लेकालीका साथै अस्पतालमा कार्यरत सम्पूर्ण डाक्टर, नर्स लगायतको सहभागीता रहेको थियो ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/०९/२४ मा दर्ता भएको **प्रा.लि.नं. ५०८२२** को **फर्नी टच प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दंगीशरण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हेकुली, दाङ**
**लुम्विनी प्रदेश, नेपाल**

**नदिजन्य पदार्थको विक्रिका लागि शिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/१०/२३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (च) अनुसार यस दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि उत्खनन् गरी प्रदेश कानुनले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७९/०८० को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका शर्तको अधिनमा रही दरभाउपत्र प्रकृयामा सूचना प्रकाशनको मितिले १५औ दिनभित्र दरभाउपत्र फारम खरिद गरी १६औ दिनको दिउँसो १२:०० बजेभित्र शिलबन्दी दरभाउपत्र पेस गर्न हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**
**आन्तरिक आय ठेक्का विवरण**

| सूचना नं/ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिटमा) | आ.व.०८०/८१ को नदिजन्य पदार्थको विक्री शुल्क दर (घ.फी.) | आ.व.०८०/०८१ को न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| ०३/DRM/SQ/२०८०/०८१ | चिराघाट खोलाको हेडबक्स | ३९,१६०.८० | रु.८/- | ३,१३,२८६.४० | कबोल अङ्कको ५% | रु.१००० |
| ०४/DRM/SQ/२०८०/०८१ | सिमठाना बबइघाट (२) क्षेत्र | १,३३,३५८.४० | रु.८/- | १०,६६,८६७.२० | | |
| ०५/DRM/SQ/२०८०/०८१ | माया दोभान क्षेत्र (२) | ७६,४५१.७६ | रु.८/- | ६,११,६१४.०८ | | |

ठेक्का सम्बन्धी शर्तहरु तथा अन्य जानकारी दंगीशरण गाउँपालिकाको वेभसाईट https://dangisharanmun.gov.np/ बाट लिनु हुन समेत सूचित गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**दंगीशरण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हेकुली, दाङ**
**लुम्विनी प्रदेश, नेपाल**

**नदिजन्य पदार्थको विक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०८०/१०/२३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(च) अनुसार दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने (स्वीकृत खानी क्षेत्र बाहेक) तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि उत्खनन् गरी प्रदेश कानुनले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७९/०८० को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलीपि संलग्न गरी तपसिल बमोजिमका शर्तको अधिनमा रही बोलपत्र प्रकृयामा विद्युतिय माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**
**आन्तरिक आय ठेक्का विवरण**

| सूचना नं/ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम | आ.व.०८०/८१ को नदिजन्य पदार्थको विक्री शुल्क दर (घ.फी.) | आ.व.०८०/०८१को न्युनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| (घन फिटमा) | कुइरीगनार क्षेत्र | २,३५,४९४.०० | रु.८/- | १८,८३,९५२/- | कबोल अङ्कको ५% | रु.३००० |
| ११/DRM/NCB/२०८०/०८१ | बारबदिया क्षेत्र (१) | ८३,३६६.६४ | रु.८/- | ६,६६,९३३/१२ | | |
| १२/DRM/NCB/२०८०/०८१ | बारबदिया क्षेत्र(२) | १,०६,६८६.७२ | रु.८/- | ८,५३,४९३/७६ | | |
| १४/DRM/NCB/२०८०/०८१ | बबई र चिराघाटको दोभान(१) | ८३,३६६.६४ | रु.८/- | ६,६६,९३३/१२ | | |
| १५/DRM/NCB/२०८०/०८१ | बबई र चिराघाटको दोभान(२) | ७,३०,२९६.०० | रु.८/- | ५८,४२,३६८/- | | |
| १७/DRM/NCB/२०८०/०८१ | सिमठाना बबइघाट (१) क्षेत्र | १,४४,०८३.५२ | रु.८/- | ११,५२,६६८/१६ | | |
| १९/DRM/NCB/२०८०/०८१ | सिमठाना बबइघाट (३) क्षेत्र | ५,३२,५८६.८८ | रु.८/- | ४२,६०,६९५/०४ | | |
| २०/DRM/NCB/२०८०/०८१ | थपगाउँ क्षेत्रमा | २,४८,७२४.०० | रु.८/- | १९,८९,७९२/- | | |
| २१/DRM/NCB/२०८०/०८१ | माया दोभान क्षेत्र (१) | ८३,३६६.६४ | रु.८/- | ६६६९३३/१२ | | |

ठेक्का सम्बन्धी शर्तहरु तथा अन्य जानकारी दंगीशरण गाउँपालिकाको वेभसाईट https://dangisharanmun.gov.np/ बाट लिनु हुन समेत सूचित गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


**शुन्य लागतमा Jordan मा रोजगारको अवसर**

कम्पनी: **PRESTIGE APPAREL MANUFACTURING LTD.CO.** शहर: **JORDAN**
पूर्व स्वीकृत मितिः २०८०/१०/२० चलानी नं.: ६०२१४३९६ LT. No.: 299236

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker/sewing Operators | 95 | 200 | स. काममा दक्ष | 220 | २९,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोन: ४३९०६६९, ४३६३६९७
मो.:९७६१०००६१९, ९८५१०६९८७९
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com
श्रम इजाजत नं. ७०६/०६४/०६५

**युएईमा रोजगार** | कम्पनी : **ROYAL FOR EMPLOYMENT SERVICES** शहर: **UAE, Abu Dhabi**
पूर्व स्वीकृत मितिः २०८०/१०/२२ चलानी नं.: ६०२१४३८२ LT. No.: 299263

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सुनसरी ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ११०७/०७३/०७४
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ०१-४५७४४६७, ४५६४०२९, ४५६९१८० मो.: ९८४१८३४३९४.
Email: mdsunsarioverseas@gmail.com

**Cyprus मा महिला तथा पुरुषहरुलाई रोजगारको अवसर**

१. कम्पनी: **Ero Christoforou Private Employment Agency., Cyprus, Paphos**
पूर्व स्वीकृती मितिः-२०८०।१०।२१ चलानी नं. ६०२१४३६९ LT.No.299308

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 20 | काममा दक्ष | 400 | ५७,११६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२.कम्पनीः **Medeon International Placement Agency Ltd., Cyprus, Kofinou, Larnaca**
पूर्व स्वीकृती मिति २०७९।०८।२६ चलानी नं. ६०१९३९८६ LT.No. 277695 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 03 | 0 | काममा दक्ष | 850 | १,२१,३७२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Bartender | 02 | 0 | | 700 | ९९,९५३।- | | | | | | | |

३ .कम्पनी **Medeon International Placement Agency Ltd., Cyprus, Kofinou, Larnaca**
पूर्व स्वीकृती मिति २०७९।०४।०५ चलानी नं. ६०१८३६११ LT.No. 267642 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 01 | काममा दक्ष | 700 | ९९,९५३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

४.कम्पनीः **Medeon International Placement Agency Ltd., Cyprus, Kofinou, Larnaca**
पूर्व स्वीकृती मिति २०७९।०८।२६ चलानी नं. ६०१९३९८५ LT.No. 277694 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barmaid | 02 | काममा दक्ष | 800 | १,१४,२३२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | सि.नं. १ नं. कम्पनीको रु.३०,०००।- सि.नं. २, ३ र ४ नं. कम्पनीको रु.४०,०००।- |

**अन्तर्वार्ता २०८० फाल्गुण १ गते (13 Feb., 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफुसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**Apps Services Pvt.Ltd.**
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## सम्पादकीय

# प्रवृत्तिको समस्या प्रणालीमा जोड्ने ?

अप्रत्यासित मत पाएर राष्ट्रिय राजनीतिको एक महत्वपूर्ण शक्ति बनेको जनमत पार्टीले संविधानको प्रमुख अन्तर्वस्तुप्रति गम्भीर प्रश्न उठाएको छ । संविधानको समाजवाद उन्मुख प्रणालीप्रति प्रश्न उठाउँदै अहिलेकै प्रणालीबाट मुलुकलाई निकास दिन संभव नरहेको राजनीतिक प्रतिवेदन अध्यक्ष सिकेत राउतले पार्टी सचिवालय बैठकमा प्रस्तुत गरेका छन् । राउतले समाजवाद उन्मुख अर्थ–राजनीतिक प्रणालीको विकल्पमा प्रत्यक्ष लोकतन्त्र र कल्याणकारी राज्यको अवधारणा अगाडि सारेका छन् । खुला अर्थतन्त्र, एक सदनात्मक संसद्, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, प्रत्यक्ष निर्वाचित न्यायालय र न्यायाधीकरणले मात्रै मुलुकलाई निकास दिने उनको निष्कर्ष छ । यी एजेण्डालाई जनमत पार्टीले आन्दोलनको रूपमा अगाडि बढाउने पनि उनको प्रस्ताव छ । सँगै आन्दोलनकारीको नेतृत्वमा सरकार र निर्वाचन गरेर मुलुकलाई अगाडि बढाउनुपर्ने प्रस्तावलाई राजनीतिक कार्यक्रमका रूपमा लैजाने संकेत राउतले गरेका छन् ।

राजनीतिक प्रस्तावकै रूपमा राउतले प्रणालीप्रति प्रश्न उठाएपनि अरू दलहरूभित्र पनि समान बुझाइ देखिन्छ । आफैले जारी गरेको संविधानका अन्तर्वस्तुहरूमा प्रमुख शक्तिहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा लगायत सबैजसो दलहरूभित्र असन्तुष्टि देखिन्छ । राप्रपाले अहिलेको व्यवस्था बदलेर राजसंस्था र हिन्दू राज्यको माग सहित फागुनबाट आन्दोलन गर्ने घोषणा गरेको छ । कांग्रेसभित्र हिन्दू राज्यको एजेण्डा छलफलमै अगाडि बढाउने नेताहरूले तयारी गरेको देखिन्छ । निर्वाचन प्रणालीप्रति कांग्रेस, एमाले सहित माओवादी नेताहरूको आपत्ति छ । तर माओवादीले पूर्ण समानुपातिक निर्वाचन प्रणालीले मुलुकलाई निकास दिने भनिरहेको छ भने कांग्रेस–एमालेभित्र समानुपातिक प्रणालीले बिकृति ल्याएको निष्कर्ष छ । मधेश केन्द्रीत अरू दलहरूको माओवादीसँग बुझाइ नजिक छ ।

प्रत्यक्ष निर्वाचित राष्ट्रपति हुनुपर्ने एजेण्डामा माओवादी, जसपा र पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले वकालत गरिरहेका छन् । त्यही शिलशिलामा राउतले संविधानले भनेको समाजवादलाई धोका भनेका छन् । यस्ता असन्तुष्टि र विमति राखिनुको आधारका रूपमा भने अहिले देखिएका समस्याहरूलाई कारण मानिएको छ । व्यवस्थापिका, कार्यपालिका, न्यायापालिका लगायत संरचना सफल नहुनु मात्रै नभएर राजनीतिक स्थीरता नहुनुलाई दलहरूले आफूखुशी विश्लेषण गरिरहेका छन् । संविधानका अन्तर्वस्तु पक्कै पनि संशोधनीय हुन्छन् । तर अहिले संविधानले व्यवस्था गरेको प्रणाली भन्दा पनि नेतृत्वको प्रवृत्ति समस्या हो भन्ने निष्कर्ष गौण बनाउन अरू कारण देखाउन प्रयत्न भइरहेको पनि भुल्न हुँदैन । किनकि संविधान बमोजिम नेतृत्व नचल्नु दुनियाँले देखेको समस्या हो । तर आफ्नो कमजोरी लुकाउन प्रणाली परिवर्तनको एजेण्डा उठाइएको छ । तसर्थ पहिले नेतृत्वको प्रवृत्ति बदलौं, त्यसपछि पनि समस्याहरू सुल्झिएन भने प्रणालीमाथि पुनर्विचार गरौं ।

# स्वस्थानी र गरिबीको जीवन्त दर्शन

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

नेपालीहरूका घरघरमा पढिने स्वस्थानी कथा र नेपालीको व्यथा यो वर्ष फेरि उजागर भएको छ । हरेक वर्ष माघ महिनाभरि सतिदेवी र महादेव अनि पार्वतीको कथा बोकेको स्वस्थानीको मेला काठमाडौं उत्तर पूर्वी भागको साँखु शहर छेवैमा लाग्ने गर्छ । त्यसो त संसारमा ३३ करोड पीठहरू छन्, त्यसमा सबैतिर पुग्न सकिन्न तर, जीवनभरिमा ५० पीठमा भने पुग्नुपर्ने शास्त्रीय मान्यता छ । सतीदेवीको निधन हुँदा पति महादेवले उनको लासलाई लिएर विश्व परिभ्रमण गर्ने क्रममा पहिले गुह्य पतन भई पीठ बनेको 'गुह्येश्वरी' पावन पशुपति क्षेत्रमै रहेको छ भने दाँत पतन भएको क्षेत्र दन्तकाली धरानमा, जिब्रो पतन भएको क्षेत्र बाँकेको बागेश्वरीलगायत सयौं पीठ हाम्रै देशमा छन् र अन्त्यमा बाँकी सर्वाङ्ग पतन भएको क्षेत्र दैलेखको धुलेश्वर सधैं हाम्रो चर्चाको विषय हो । उनै सतीदेवीले अर्को जीवन पार्वतीका रूपमा यहींका हिमालय र पत्नी मेनकाका गर्भबाट जन्मिएर पति शिवलाई पाउन एक महिनासम्म स्वस्थानीको व्रत गरेको गौरीघाट र यहींको शाली नदी क्षेत्रले सर्बत्र चर्चा पाएकै छ । स्वस्थानीमा गरिबीको चित्रण छ ।

हो, देशमा आज पनि बेरोजगारी छ र गरिबी पनि । 'मुना मदन'मा महाकविले मुनाको दु:ख र पति मदनले भोटमा पाएको कष्टको चर्चा गरेका छन्, हाम्रो आधुनिकताको उपज । तर, स्वस्थानी सत्य युगको कथा हो, तर खोलाहरूमा धेरै पानी बगे, परिवेश उही छ हाम्रो, उही अशिक्षा, उही भोक, बढी रोग, र त विश्व कहाँ पुग्यो, हामी अल्प विकसित र श्रम बेचिएको पैसाले धानिएको अर्थतन्त्रमा । 'स्वस्थानी' को मूल पात्र शिव भट्टकी छोरी गोमाको बिहे सानै उमेरमा शिव शर्मासँग भएको, उनी गर्भिणी हुँदा घरमा खानाको अभावले पति परदेशिएका थिए । सन्तानको लालन पालनका लागि घर खर्च जुटाउन विदेश गएका शिवशर्माको उतै मृत्यु हुन्छ । यता गोमाले छोरो पाउँछिन्, जसो तसो हुर्काउँछिन् पनि । छोरो नवराज खेल्न जाँदा छिमेकीले घोचपेच गर्छन् र भन्छन् 'बिना बाबुको छोरो'। पीडाले नवराज बाबु खोज्दै विदेशिन्छन् । मरेका बाबुको हाडखोड पत्ता लगाई अन्तिम संस्कार गरी केही खर्चको जोहो गर्दै आमा भेट्न आइपुग्छन् । पति, पुत्र दुबैको बेचैनीमा रहेकी गोमा स्वस्थानी गुहार्दै माघ मासको व्रत गर्छिन्, आपत्कालमा सम्झने ईश्वर नै त हो । छोरो एक्लै फर्केकादेखि आमा पति बिरहमा हुन्छिन्, जसोतसो सम्हालिएर छोरालाई ठूलो हुने, पौरख गर्ने आशीर्वाद र स्वस्थानीको प्रसाद दिन्छिन् । अहिले पनि उही समस्या छ, खाडीमा गएर बाकसमा लास फर्केको स्थिति, देशमा रोजगारी नभएरै त हो ।

अझ भनौं देशको अर्थतन्त्र पूरै रगत बेचिएको विप्रेषणमा चलेको छ, यहाँ विदेशीहरूले खबौं खर्ब लगानी गरिसके, तर देश ऋणमै त छ, उत्पादन छैन, मूल व्यवसाय खेतीमै समस्या छ । घाटाको बजेट छ, भर्खरै धान यसपाली बढी उत्पादन भयो भनियो, तर यतिबेला घट्नु पर्ने धानको मोल बढेको छ । बीमा भन्यो सरकारले झुक्यायो, यही माघ १ देखि सह तिरोको नाममा १० प्रति फेरि असुल्ने भएको छ । व्यापारी बनेको सरकार पहिले बानी लगाइदिन्छ अनि घाँटी समात्छ, खाए खा नखाए घीच् भन्छ, जाने कहाँ र भन्ने कसलाई हो थाहा छैन, नेपालीहरूका दिन झन्–झन् खराब भइरहेका छन् । पछिल्लो दाग र चित्लाङ्ग दुर्घटनाले हाम्रो विकास आयोजना र पूर्वाधार कस्ता छन् भन्ने देखाउँछ र मेलम्ची ८ पल्टसम्म उद्घाटन भइरहेकाले पनि स्थिति यथार्थ देखिन्छ । उर्बर भूमि टाठा बाठाको हातमा प्लटिङ्गमा छ, रासायनिक मलको हाहाकार छ, खाना, नाना छानाका लागि विदेशिनु पर्ने बाध्यता छ ।

स्वस्थानीमा कुटिर उद्योगको चर्चा छ, ऊन, राडी, पाखी घरेलु कामको संकेत छ, तर आज पनि त्यही विषय हाम्रो लागि ठूलो भार भएको छ । भएका उद्योग टाठाबाठाले बेचिदिए, केही रुग्ण छन्, सबैलाई विदेशी व्यापार गर्न, छिटो धनी हुन मन लाग्छ । विदेशी व्यापारबाट कमाइने भंसार राजस्वले देशको महँगो राजनैतिक संयन्त्र चलेको छ, यहीं धेरै विलासिताका सामगीहरूको आयात हुन्छ, स्वदेशी विजुली महँगो छ । विदेशी इन्धनमा प्रति लिटर रु ५० बढी त कर नै तिर्नुपर्छ ।



> 'स्वस्थानी'को मूल पात्र शिव भट्टकी छोरी गोमाको बिहे सानै उमेरमा शिव शर्मासँग भएको, उनी गर्भिणी हुँदा घरमा खानाको अभावले पति परदेशिएका थिए । सन्तानको लालन पालनका लागि घर खर्च जुटाउन विदेश गएका शिव शर्माको उतै मृत्यु हुन्छ । यता गोमाले छोरो पाउँछिन्, जसो तसो हुर्काउँछिन् पनि । छोरो नवराज खेल्न जाँदा छिमेकीले घोचपेच गर्छन् र भन्छन् 'बिना बाबुको छोरो'। पीडाले नवराज बाबु खोज्दै विदेशिन्छन् । जहाँ समग्र एउटा गरिबीमा जिएको नेपालीको कथा जस्तै छ ।

स्वस्थानीका पात्रहरू सबैजसो अभावमा जिएका छन्, वियोगको सागरमा पौडी खेलेका छन्, हो त्यो पीडा अहिले पनि उस्तै छ । विदेशीले सिमाना मिच्छ, बहादुरी इतिहासका वीर गोर्खालीको रवाफ घुमिल हुन्छ, सुगौली सन्धीपछि साहित्यको रस वीर रसबाट एकाएक भक्ति रसमा परिणत भई भानुभक्तीय रामायणको चर्चा हुन्छ घरघरमा । आज पनि रात विरात खुफिया एजेन्सीहरू कोठा–कोठा चाहार्छन्, राष्ट्रियताको बजार चुनावी मैदानमा हुन्छ । भाषा, धर्म, संस्कृतिमा औपनिवेशिकता, तुइन तर्दा, मृत्युवरण, सिमानामा तातो गोली, पौडी खेलेर महाकाली पार गर्दा एकसरो कपडामा शहर परिक्रमाको बेइज्जती, एकै युवती ९ जनाको बलात्कारको शिकार त्यो पनि राजधानीमै, घाँटी रेटीरेटी मान्छेको हत्या आधुनिकताको उपज, मानवअधिकारवादी र सुरक्षा अँगको चिर निद्रा, एक महिनामा ४ थान गोली ४० लाखमा बिक्री र सहिदको अपमान, यसै सेरोफेरोमा देशले समाजवादको खोक्रो नारा लिएको, आत्मरतिमा अल्झिएको छ ।

संविधानमा सबै मौलिक हक, शिक्षा, स्वास्थ्य, रोजगारी, आबास, अपाङ्ग, दलित, निमुखा, असहाय, महिला, ज्येष्ठ नागरिक, स्वच्छ हावाको पनि चर्चा छ,तर यी सबै खोज्न सकिने अवस्था छैन, देश विचौलिया र विदेशीको इशारामा छ । स्वस्थानीका पात्रहरू, तिनले पछिल्लो जीवन सुखमा बिताएको प्रसंग छ, अभावै अभाव बीच दु:ख पाएको नवराजले पछि रोजगारी मात्रै होइन ठूलो सम्मान पाउँछन्, आमा खुशीको आँसु बगाउँछिन् तर, नवराज पत्नी रानी भएको जोसमा होस् गुमाउँछिन् र शालिनदीका किनारामा ठूलै कष्ट पाउँछिन्, पदको दुरूपयोग गर्दा ।

हाम्रा नेपालीहरूको रंग उस्तै छ, मिठो खाने, राम्रो लाउने सपना अधुरो छ र त दिन दिनै पासपोर्ट बनाउने भीड बढेको छ । वृद्धहरू गाउँमा बेसहारा छन्, गाई, गोठहरू रित्तै छन्, विदेशी पाउडर दुध बहन्छ शहरमा, यहाँ मेलम्ची होइन विदेशी मिनरल वाटर, ह्विस्की, डिउ, कोक, फ्यान्टा, जंकफुड, फास्टफुडले स्वास्थ्य कुरूप बन्छ, श्रम नगर्ने र कोठाबाटैमा मोबाइलले संसार हाँकिन्छ । युवा पुस्ता बेमौसमको राजनीतिमा व्यस्थ छ । दूर्व्यसनीमा फसेको छ । स्वस्थानीको शाब्दिक अर्थ हुन्छ स्व–स्व स्थानमा बसेर आफ्नो कर्तव्य, जिम्मेवारी पूरा गर्नुपर्ने । पथभ्रष्ट हुने स्वस्थानीका केही पात्रहरू खेर गएका पनि छन् आफ्नो मर्यादा नबस्दा विश्वलाई एक तृण बराबर सम्झने स्वयं विष्णुले बृन्दाको श्रापका कारण शिला, झार हुनु परेको छ । सत्यको अर्थ सत्य नै हुन्छ, निष्ठा र इमान्दारिता बिसँदा, रानीको सोखले आफन्तको मोहमा पर्दा चन्द्रावतीलाई असह्य बेदना सहनु परेको छ । रानी बन्दा पनि खान नपाएर अरुले ल्याइदिएको बासी भात खान लाग्दा खरानी भएको र त्यो पनि खान खोज्दा हावाले उडाएर लगेको, धरधरी रुनु परेको अवस्था छ । हेर्दा कथा जस्तो लाग्छ तर, मर्म आजकै हो । आज पनि बाली लगाउने असारमा प्रकृतिको बितण्डा छ, बाली उठाउने मंसिरमा उही समस्या छ र त विगत पाँच वर्षमा सबैभन्दा कम धान बालीको उत्पादन गत वर्ष भयो, यसपालिको तथ्यांकमा मिसावट भयो भनिदैछ । ६० लाख मेट्रिक टन धानको उत्पादनको लक्ष्य लिँदा जम्मा ५१ लाख मेट्रिक टनमा चित्त बुझाउनु परेको यादै छ त, खाने मुख बढ्ने उत्पादन घट्ने हाम्रो नियति हो र त देशमा व्यपारघाटा चूलिँदै छ, जसरी ऋण चुलिएको छ । चन्द्रावतीलाई ल्याइएको झोलाको भातभन्दा परिवेश के फरक भयो त ? बाली भित्र्याउन नपाई प्रकृतिले उडाएर लगेको अबस्था छ । हाम्रो देश धर्मको देश हो, यहाँ अधर्मका काला बादलहरू मडारिएका छन् ।

मूर्तिमा सुनको जलप लगाएर पदाधिकारीलाई जेल पठाउने, तर मन्दिर बाहिर भोको व्यक्ति नदेख्ने संस्कृति छ । सिँहदरबार या कुनै आलिशान महलमा, उच्च सुरक्षाको घेरामा, विलासी गाडी र जिमखाना, सरकारी उपचारमा रहनेहरू एक पटक साँखु पुगेर चन्द्रावतीको छप्पर हेर्नु बेस होला, संस्कृति र इतिहासमा फर्कनु बेस होला । त्यहाँसम्म पुग्न सकिन्न भने गौरीघाटमा पार्वतीले व्रत गरेको प्रदूषित वागमतीको चित्कार सुनी २ मुठा रायो साग लिएर कोठामा गई आफ्नै हातले या आफ्नै परिबारले पकाएर दिएको एक छाक खाना खान सके अझ समाजवाद बुझिएला कि । र त महाकविले भने 'सुनका थैला हातका मैला के गर्नु धनले, साग र सिस्नो खाएर बस्नु आनन्दी मनले' ।

राजनीतिको रडाकोले देश कामिरहेको छ, राष्ट्रिय सभाको चरित्र पनि उदाँगो भएको छ । अहिले, माटो छोप्ने डोजरे र असारे विकासले गलिरहेको छ देश । समाजवादको नाराले पेट भरिएन, शरिर ढाकिएन, लालाबाला पालिएनन्, शिक्षा, स्वास्थ्य सुविधा भएन, प्रसूती गृहदेखि आर्यघाटसम्म तिरेको करको सदुपयोग भएन । वर्षेपिच्छे स्वस्थानीको रोइलो छ, सन्देश पनि छ, कसैले सुन्ने होइन, पदीय मर्यादामा को बस्यो र, आचरणमा रमाइएन, पेशाप्रति गौरव र इमान्दारिता पनि भएन । स्वस्थानीको मूल मर्म बुझिएन, विदेशीको फोटो सजाइयो बरु त्यसैमा रमाइयो ।


## लुम्बिनी सांस्कृतिक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८०/१०/२३)

**लुम्बिनी साँस्कृतिक नगरपालिका** अन्तर्गत रहेका स्वास्थ्य चौकी र शहरी स्वास्थ्य चौकीमा देहाय बमोजिमका पदहरुमा सेवा करार पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (मितिः २०८०/१०/२९) तोकिएको ढाँचामा कार्यालय समय भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह/सेवा समुह | माग पद संख्या | | परीक्षा दस्तुर | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | १०/०८०/०८१ | अ.न.मि. | सहायक चौथो प.हे.न. | ४ | | ५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट ANM विषय उत्तीर्ण गरेको । |
| २ | ११/०८०/०८१ | अ.हे.ब. | सहायक चौथो/हे.ई. | खुल्ला: २ | महिला: १ | ५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA विषय उत्तीर्ण गरेको । |
| ३ | १२/०८०/०८१ | कार्यालय सहयोगी | श्रेणी बिहिन | ३ | | ५०० | साधारण लेखपढ गरेको । |
| ४ | १३/०८०/०८१ | कृषि स्नातक करार | छैठौ | १ | | ५०० | तोकिए बमोजिम हुने । |

२. **उमेर**: कम्तिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
३. **दरखास्त पाउने/बुझाउने स्थान** : लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालय लुम्बिनी, रुपन्देही ।
४. **छनौट किसिम**: प्रारम्भिक योग्यताक्रम प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता ।
**नोट**: कार्यालय सहयोगीको हकमा भने अन्तरवार्ता र अनुभवलाई आधार मानिनेछ ।
५. आवेदक स्वयंले प्रमाणित गरी देहायका कागजातहरु दरखास्त साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
ख) न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि
ग) अनुभव तथा तालीमका प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि
घ) सम्बन्धित व्यावसायिक परिषद/संस्थामा दर्ता/अध्यावधिक भएको प्रमाणपत्र
ङ) कार्यालय सहयोगीको हकमा कम्तिमा साधारण लेखपढ गरेको
च) कृषि स्नातकका लागि कृषि विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक उत्तीर्ण गरेको वा पशुपन्छी विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक सस्थाबाट पशु चिकित्सा विषयमा वि. भि. एस्सि. र ए. एच. वा वि. भि. एस्सि वा सो सरहको स्नातक तह उत्तीर्ण नेपाल पशुचिकित्सा परिषदमा दर्तावाल पशु चिकित्सक हुनुपर्नेछ ।
६. **सेवा सुविधा** : प्रचलित कानून बमोजिम ।
७. **दरखास्तसँग सम्बन्धित अन्य विषय** :
क. तोकिएको समयावधि भित्र पेश नभएका तथा रीत नपुगेका आवेदकलाई मान्यता दिईने छैन ।
ख. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट कायम हुनेछ ।
ग. अन्य कुरा लुम्बिनी सांस्कृतिक नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७९, नगरपालिकाको निर्णय र स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८० बमोजिम हुनेछ ।
८. उल्लेखित पदको पाठ्यक्रम लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ र दरखास्त फारम लुम्बिनी साँस्कृतिक नगरपालिकाको वेबसाईट www.lumbinisanskritikmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि लुम्बिनी साँस्कृतिक नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Invitation for Quotations

### Soru Rural Municipality
### Office of the Rural Municipal Executive

**Jima, Mugu**

**Date of publication: 2080-10-23**

*Soru Rural Municipality* invites sealed quotations for the construction of following works.

| Contract Identification No | Description of Work | Bid Security Amount (Nrs.) | Estimated Amount With VAT ans PS | Bid Validity/Bid Security Period/Bid document fee |
|---|---|---|---|---|
| SRM/MUGU/SQ/W/01/2080-81 | Kacche Jagga Sudhar | 41500 | 1656100 | 45days/75days/1000 |
| SRM/MUGU/SQ/W/02/2080-81 | Gulma Jagga Sudhar | 42500 | 1685000 | 45days/75days/1000 |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Rural Municipal Executive. Soru Mugu. ***Website :*** http://info@sorumun.gov.np, ***Phone Number +977-087460081,*** 9858322512, 9851349067
2. A complete set of Bidding Documents may be purchased ony Hard Copy from the office **of Rural Municipal Execut** ive by eligible Bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till ***2080-11-08 during office hours***.
3. Information to deposit the cost of Bidding Document.
Name of the Bank : Rastriya Banijaya Bank, Jima, Mugu.
Name of Office : ***Soru Rural Municipality***
Office Code no. :……………..
Office *Aantarik Rajaswa* Account no. : 4510100301010002 Rajaswa (revenue)
Office Account no. : 4510100303000002 (Dharauti Khata)
4. Sealed bids must be submitted to the office of Rural Municipal Executive soru Mugu by *hand* before 12:00 Noon on 2080-11-09. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2080-11-09*** at 2:00 PM the office of *Rural Municipal Executive Soru Mugu.*
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

*Note: (As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required)*

लागुऔषध कारोबार बढ्दो

# ६ महिनामा ३ हजार बढी पक्राउ



पार्वती दाहाल/प्रशिक्षार्थी
काठमाडौं, २२ माघ

नेपालमा पछिल्लो समय लागुऔषध कारोबारीको संख्या बढ्दै गएको पाइएको छ । नेपाल प्रहरीको तथ्यांक अनुसार पछिल्लो ६ महिनाको अवधिमा ३ हजार बढी लागुऔषध कारोबारी पक्राउ परेका छन् ।

अवैध लागुऔषध गाँजा मिसाई केक तथा कुकिज तयार गर्ने काठमाडौं सोह्रखुट्टेका मोहमद फाजिल र काठमाडौं दक्षिणकालीका शालोम सादा लेप्चा जैसी गाँजा, केक र कुकिजसहित पक्राउ परे । भारतीय नागरिक किम्रो साङ्गी अवैध लागुऔषध कोकिन १ किलो ९७३ ग्रामसहित पक्राउ परिन् । धादिङ कोइली खर्कका कान्छा तामाङ र भिम बहादुर तामाङ लागुऔषध चरेश २५ केजीसहित पक्राउ परे ।

मोहमद, शालोम, किम्रो, कान्छा र भिम बहादुर प्रतिनिधि पात्र मात्रै हुन् । लागुऔषध दुर्व्यसन र अवैध कारोबारमा संलग्न भइ पक्राउ पर्ने उनीहरू जस्तै अभियुक्तहरूको सूची लामो छ ।

गाँजा, चरेश, अफिम, खैरो हेरोइन, नियन्त्रित पदार्थ समेतको अवैध कारोबारमा संलग्न अभियुक्त पक्राउ संख्या बढ्नुको प्रमुख कारण प्रहरी सक्रियता, प्रभावकारी अभियान र नागरिकसँगको सहकार्य नै हो ।

विश्वव्यापी समस्याको रूपमा रहेको लागुऔषध प्रयोग र कारोबार नेपालमा पनि जटिल बन्दै गएको छ । यसको प्रयोग बढ्नाले सामाजिक, सांस्कृतिक, आर्थिक लगायत शान्ति सुरक्षामा समेत नकारात्मक प्रभाव परेको छ । यसैले विद्यमान कानूनको कार्यान्वयन गर्दै नेपाल प्रहरी लागुऔषध कारोबार र दुर्व्यसन नियन्त्रण गर्न सक्रिय छ । अनुसन्धान, संलग्नलाई पक्राउ तथा कानूनी कारबाही गरिरहेको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल भन्छन्,' लागुऔषधको प्रकोपबाट धेरै युवाहरू कूलतमा फसेर आफ्नो उर्जाशील व्यक्तित्व ह्रास भइरहेको वर्तमान परिप्रेक्ष्यमा यसकोविरुद्ध सबै एकजुट हुन आवश्यक छ । यसको नियन्त्रणका लागि विद्यमान कानूनमा समयसापेक्ष परिमार्जनको साथै सरकारको एकल पहल मात्र नभई सबै क्षेत्रबाट पहल कदमी लिनुपर्ने देखिन्छ ।'

### ६ महिनामा ३ हजार बढी पक्राउ

देशभर चालू आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म लागुऔषध प्रयोगकर्ता, कारोबारी र सम्बन्धित अपराधमा संलग्न ३ हजार ४५ जनालाई नेपाल प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ परेकामध्ये २ हजार ७५८ जना नेपाली पुरुष, १ सय ४४ जना नेपाली महिला, १ सय ३३ जना विदेशी पुरूष र १० जना विदेशी महिला रहेका छन् । यीमध्ये १ हजार ९६० मुद्दा दर्ता भएका छन् । पक्राउ परेकाहरू गाँजा, चरेश, हेरोइन, अफिम, कोकिन, पोल्याण्ड र अन्य नियन्त्रित औषधी जस्ता लागुऔषध सेवन गर्ने तथा यसको अवैध ओसारपसारमा संलग्न रहेका छन् । उनीहरूबाट गाँजा ८ हजार ३२० केजी, चरेश ३ सय ८ केजी, हेरोइन १० केजी, अफिम २७ केजी, कोकिन ३ केजी र पोल्याण्ड ३ सय २६ ग्राम प्रहरीले बरामद गरेको छ ।

यसैगरी डाईजेपाम २३ हजार ५ एम्पुल, फेनारगन २७ हजार १३४ एम्पुल, ब्रुफिनुर्फिन १९ हजार ६७४ एम्पुल, लुपिजेसिक १ हजार ४१५ एम्पुल, नाईट्राभेट ६३ हजार ५४७ ट्याब्लेट, स्पास्मो ११ हजार ७२, कोरेक्स ६ हजार ५७१, एभिल ७ सय ३३, ट्रामा ४६ हजार ५९, प्रोमिथाईजिन ४ हजार ७६२, अन्य एम्पुल ६ हजार ४८२, अन्य ट्याब्लेट १ हजार ५५८ र आइस २ ग्राम समेत बरामद भएको छ ।

यस आर्थिक वर्षको तथ्यांक विश्लेषण गर्दा मधेश प्रदेशबाट सबैभन्दा धेरै लागुऔषध गाँजा ३ हजार ८९१ केजी बरामद भएको छ । सुदुरपश्चिम प्रदेशबाट सबैभन्दा धेरै ६६ केजी चरेश बरामद भएको छ । साथै कोशी प्रदेशबाट ५ केजी हेरोइन, लुम्बिनी प्रदेशबाट सबैभन्दा धेरै २० केजी अफिम तथा लागुऔषध नियन्त्रण ब्यूरोबाट १ केजी कोकिन बरामद भएको छ । लागुऔषध सेवनले सेवनकर्तालाई मात्र नभइ परिवार, समाज र देशलाई नै प्रत्यक्ष प्रभाव पारिरहेको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/१०/२३**

**अक्वार्लेड पम्प प्रा.लि.** को मिति २०७२/१२/१५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अन्जील पम्प प्रा.लि. (प्रा.लि. नं.: १३८९८०)** कायम गर्ने गरी मिति २०७२/१२/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

## दावी विरोध सम्बन्धी सूचना

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **बास्तु म्यानेजमेण्ट सर्भिस प्रा.लि. (ई.प.नं. ९२६/०६७/०६८)** को **साविक काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ०९ मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. ९** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी निवेदन पेश गर्नुहुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **C.D. Human Resources Pvt. Ltd.** श्रम इजाजत पत्र नं. १०४८/०७३/०७४ मा कार्यरत कर्मचारी सुरेश लामा, नागरिकता नं ३०१०४४/१८३३३७, घर पाल्लेखेत वडा नं ७, काभ्रे हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

## मलेसियामा रोजगारको अवसर

कम्पनी: CP ELITES SDN BHD
शहर: CHERAS

पूर्व स्वीकृत मितिः २०७९/११/०८ | चलानी नं.: ६०१९६९६० | LT. No. 280965 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
**Frontline Recruitment Pvt. Ltd.**
Sinamangal -9, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-014593645/ 4593646/ 4593647
MOBILE:9851100134,9818819581,9804705263.
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## साउदीमा रोजगार

कम्पनी: EXPERTISE CONSTRUCTION COMPANY LIMITED
शहर: Saudi Arabia, Jubali

पूर्व स्वीकृत मितिः २०८०/१०/२२ | चलानी नं.: ६०२१४३९७ | LT. No.: 299429

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver Heavy Equipment | 35 | 0 | | 2500 | ८८,२५० | | | | | | | |
| 3. | Heavy Truck Driver | 15 | 0 | | 1800 | ६३,५४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**WORLD NET RECRUITMENT CONSULTANTS (P) LTD.**
Govt. Lic. No. 174/056/057
P.O Box No. 10666, Chandol-04, Kathmandu, Nepal, Tel.: 4529930/4537410
Email: worldnetrecruitment@gmail.com

## साउदीमा रोजगारको अवसर

कम्पनी: BAKHASHAB TRANSPORT AND TRADING CO. LTD
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७९/०१/१५ | चलानी नं.: ६०१७८६७८ | LT. No.: 262488 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: AL MAJLIS AL KHALIJI LIMITED IS A ONE PERSON COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०४/०८ | चलानी नं.: ६०२०५०९२ | LT. No.: 289338 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: NAS MANPOWER COMPANY
शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८०/१०/०२ | चलानी नं.: ६०२१३०५९ | LT. No.: 297925 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 24 | 0 | स. काममा दक्ष | 1000 | ३५३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
साबिक (Continental Manpower (Nepal) Pvt. Ltd.)
Gov. Lic No. 190/057/058
Sinamangal-09 Shambu Marga Kathmandu. Tel:+977-4578566, 4578866
Email: nasserplacement2000@gmail.com

## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

कम्पनी: Al Muthanna Recruitment For Recruiting And Hiring Domestic Workers
शहर: AMMAN

पूर्व स्वीकृत मितिः २०८०/१०/२१ | चलानी नं.: ६०२१४३७१ | LT. No.: 299387

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker (Housemaid) | 0 | 50 | स. काममा दक्ष | 300 | ३९,७१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**EARTH VISION MANPOWER SERVICES PVT. LTD.**
Govt. Lic. No. 749/064/065
Jayabageshwori, Kathmandu, Nepal, Tel.: 4481192
Email:earthvision2016@gmail.com

## साउदीमा रोजगार

कम्पनी :AL-JADI ARKAN OPEATION & MAINTENANCE EST.
शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०८०/१०/२२ | चलानी नं.: ६०२१४३७७ | L.T. No.:299421

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 4 | 0 | स. काममा दक्ष | 2200 | ७७,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Elmira Manpower Service Pvt. Ltd.**
License No.: 1067/073/074
P.O.Box: 9883, Basundhara, Kathmandu, Nepal, Tel: 977-014963814, 015909815
Fax : 4016788, Mob:9851068108, 9851188820
Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com

## Kuwait मा Security Guard हरुलाई रोजगारको अवसर

**Company: Al-Amana Security Company**

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/१०/०४ | चलानी नं. ६०१९६२७० | LT No. : 279683

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Security Guard | 253 | 00 | काममा दक्ष | 125 | ५४,३८९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**Note: Security Guard को अनुभवी र भु.पु. आर्मी/प्रहरीहरुलाई विशेष ग्राहेयता दिइने छ । उचाई ५ फिट ५ ईन्च भन्दा माथि र उमेर २१ देखि ४५ वर्ष सम्म भएको हुनुपर्नेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशूल्क |

**अन्तरवार्ता २०८० फागुन १ गते ( 13 Feb., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521,
Mob: 9851048235, 9851042984, 9860111396
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ELEGANCIA ARABIAN TRADING COMPANY WLL
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/१०/२२ | चलानी नं.: ६०२१४३८० | L.T. No.: 299454

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ELEGANCIA ARABIAN TRADING COMPANY WLL
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/१०/२२ | चलानी नं.: ६०२१४३७९ | L.T. No.: 299453

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**ADVANCED MANAGEMENT CONSULTANTS**
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP 1 (FY 2020-2021) | TOP 11 (FY2021-2022) | ISO 9001:2015
**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative: 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096

## कतारमा रोजगार

कम्पनी: CEASELESS TRADING AND CONTRACTING
शहर: Doha

पूर्व स्वीकृत मितिः २०८०/१०/२१ | चलानी नं.: ६०२१४३३६५ | L.T. No.:299376

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 2 | 2 | सम्बन्धित काममा दक्ष | 1000 | ३६३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ५०८३४ | | | | | | | |
| 3. | Reception | 0 | 1 | | 1100 | ३९९४१ | | | | | | | |
| 4. | Sales Executive | 0 | 2 | | 2100 | ७६२५१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०, ५३८१७१३
शाखा कार्यालयः सृजनाचोक, पोखरा । सम्पर्क :०६१-५७१५६३, ९८२९१४३८०१

## साउदीमा रोजगार

कम्पनी: RAWASI NORTH FOUNDATION FOR MAINTENANCE AND CLEANING
शहर: Saudi Arabia

पुर्व स्वीकृत मितिः २०७९/०९/०६ | चलानी नं.: ६०१९३६६५ | L.T. No.: 277918 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping | 45 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: RAWASI NORTH FOUNDATION FOR MAINTENANCE AND CLEANING शहर: SAUDI ARABIA

पूर्व स्वीकृत मितिः २०७९/०९/०४ | चलानी नं.: ६०१९३५५० | L.T. No.: 277917 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping | 90 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १ गते (13 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुलक |

